# ख्रिष्ट जीवन हुनुहुन्छ

**March 16th, 2023**

**Pastor S. James**

*प्रार्थना*

*प्रभु तपाइलाइ धन्यबाद , धन्यबाद , धन्यबाद हामी तपाइको उपस्थितीमा खडा छौ प्रभु हामीलाइ तपाइ को जीवन को वाक्य चाहियो प्रभु किनभने तपाइले भन्नुभयो, तपाइको बचन जीवन हो । त्यो जीवन तपाइले प्रसस्त मात्रामा लिएर आउनुभयो । त्यो जीवन हामीलाइ दिनुस् प्रभु । हामीलाइ तपाइको बचन माथि विश्वास गर्ने हृदय दिनुस् प्रभु । यो सबै बिन्ति प्रार्थना येशु को नाममा आमेन ।*

परमेश्वर भन्नुहुन्छ । मेरो धार्मीक जन बिश्वासमा हिड्छ । बिश्वास बिभिन्न किसिम को हुन्छ । सबै भन्दा खतरनाक मरेको बिश्वास हो । यो मरेको बिश्वासमा चल्यो भने मृत्युमा पुराउछ ।

मर्कुस ९:२३ [3]येशूले ठिटोको बाबूलाई भन्नुभयो, "तिमीले भन्यौ, 'यदि तपाईंले सक्नुहुन्छ भने?' यदि कसैले विश्वास गर्यो भने हरेककुरा सम्भव हुन्छ।"

येशु ले भन्नुभयो बिश्वास गर्‌यो भने सबै कुरा गर्न सक्छ । र सबै कुरा सम्भब छ ।

युहन्ना ३:१६ [16]हो, परमेश्वरले संसारलाई यति साह्रो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो त्यस द्वारा उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश हुने छैन, तर अनन्त जीवन प्राप्त गर्नेछ।

येशु ले हाम्रो लागी गर्नुपर्ने कुरा सबै गरीसक्नु भयो अब येशुको दाश्रो आगमण मात्र बाकी छ। हामीले परमेश्वरको पुत्र येशु ले हाम्रो लागी जे जे गर्नु भयो त्यस काम माथि बिश्वास राख्नु पर्छ ।

रोमी ६:२३ [23]जब मानिसहरूले पाप गर्दछन्, तिनीहरूले पापको ज्याला कमाउँछन् जो चाँहि मृत्यु हो। तर परमेश्वरले आफ्ना मानिसहरूलाई मूल्य रहित उपहार दिनु हुन्छ जुन हाम्रा ख्रीष्ट येशू प्रभुमा अनन्त जीवन हो।

अनन्त जीवन सित्तै को बरदान हो । र पनि हामीले यसलाइ स्वीकार गर्नुपर्छ ।

युहन्ना १:१२ [12]केही मानिसहरूले मात्र उहाँलाई स्वीकार गरे। ज-जसले उहाँलाई स्वीकार गरे उनीहरूलाई मात्र परमेश्वरको सन्तान हुने अधिकार उहाँले दिनुभयो।

उद्धार भनेको एउटा ब्यक्तिलाइ स्वीकार गर्नु हो । त्यो ब्यक्तिले बोलेको कुरा मात्र होइन त्यो ब्यक्तिलाइ सारा हृदय ले स्वीकार गर्नु हो । पावल द्धारा पबित्र आत्माले सिकाउदा खेरी उत्पत्तिमा त्यो सत्य थियो तर हामीले बुझेनौ पुरानो नियम को धेरै सत्यहरु हामीले बुझ्दैनौ नयाँ नियमको कुरा हामीले बुझ्छौ । पुरानो नियम को सत्यहरु नयाँ नियम मा आएर मात्र बुझ्न सक्छ किनभने बुझ्नको लागी आत्मा को अगुवाइ हुनुपर्छ ।उदाहरण को लागी एउटा बिवाहमा दुलहा आफै आउछ तर दुलही आफ्नो बाबा को हात समातेर आउछे । जब बिवाह सकिए पछि त्यो दुलही आफ्नो दुलहा को हात समातेर जान्छे । त्यो दिन देखि दुलही को जीवन नै बदलिन्छ । त्यसै गरी दुलहा को पनि जीवन नै बदलिन्छ । किनभने दुलही ले एक ब्यक्तिलाइ स्वीकार गर्छे त्यसै गरी दुलहा ले एक ब्यक्तिलाइ स्वीकार गर्छ । त्यसकारणले गर्दा उनीहरु को जीवननै बदलिन्छ । हामीले हाम्रो उद्धारलाइ पनि त्यस्तै प्रकारले हेर्नु पर्छ । येशु हाम्रो दुलहा हुनुहुन्छ । जब हामी येशुलाइ स्वीकार गर्छौं भने हाम्रो जीवन पुरा रुपले बदलिन्छ । धेरै जनाले येशुलाइ पनि त्यस्तो प्रकारले स्वीकार गरेको हुदैनन् र साथै बिवाहलाइ पनि त्यस्तो प्रकारले स्वीकार गरेको हुदैनन् । आफ्नो दाम्पत्य जीवनमा पनि बदल्दैनन् र उद्धार पछि को बिश्वास को जीवनमा पनि बदल्दैनन् । येशुलाइ स्वीकार गर्नु भनेको उहाँ को पुरा जीवनलाइ स्वीकार गर्नु हो । बिवाहमा दुलहा भन्दा पनि दुलही हो पुरा रुपमा दुलहा को अनुसार जीउनु पर्छ । दुलहा को जीवन पनि परिबर्तन हुन्छ । येशुले हामीलाइ उद्धार दिन को लागी उहाँ को सबै कुरा परिबर्तन गर्नुभयो । येशु परमेश्वर हुनुहुन्छ । यो पुरा शृष्टि येशु द्धारा पिताले गर्नु भयो । एक दिन हाम्रो उद्धार को निम्ति येशु शरीर धारी भएर आउनुभयो । र आए पछि उहाँ को जीवन नै बदलियो । येशु को हाम्रो जस्तै एउटा शरीर छ । यो शरीर पिता र आत्मालाइ छैन यो शरीर हाम्रो निम्ति येशुले लिनु भयो । येशु आफ्नो पिता जस्तै भएता पनि हामीलाइ मुक्ति दिन को लागी दुलही को लागी उहाँ पुरा रुपले परिबर्तन हुनुभयो ।

हिब्रु ७:२५ [25]यसैले जो पनि उहाँको मार्फत परमेश्वरकहाँ आउँछन् ख्रीष्टले तिनीहरूलाई बचाउनु हुन्छ। ख्रीष्टले यो सदाकाल गर्नसक्नु हुन्छ, किनभने जो परमेश्वरकहाँ आउँछ त्यसको सहायताको निम्ति उहाँ सधैं बाँच्नुहुन्छ।

यो संसारमा आउनु अगाडि उहाँ को यस्तो जीवन थिएन । जब यस संसारमा आउनुभयो उहाँ को जीवन नै परिबर्तन भयो । यो सबै उहाँले आफ्नो दुलही को लागी गर्नुभयो । त्यसकारण ले हामीले जब यो उद्धार को रहस्य हामीले थाहाँ पायौ भने हामी हाम्रो दुलहा को लागी पुरै रुपमा परिबर्तन हुन्छौ ।

एफिसी ५:३१[31]धर्मशास्त्रले भन्छ, "त्यसैले मानिसले आफ्ना माता-पितालाई छोडद्छ र आफ्नो पत्नीसित मिल्दछ र ती दुई एक हुन्छन्।" [32]यो गुप्त सत्यता खुबै महत्वपूर्ण छ। मलाई लाग्छ यसको अभिप्राय ख्रीष्ट र मण्डीसित छ।

बिवाहलाइ यहाँ ख्रीष्ट र मण्डली बिचको सम्भन्ध संग जोडेको छ । स्त्री र पुरुष दुबै जना आफ्नो आमा बाबा संग थिए र बिवाह पछि दुबै जनाले आफ्नो आमा बाबा छोडे । अब यो दुलहा र दुलहीले एउटै जीवन बिताउछन् । येशु दोस्रो आगमण सम्म दुलही को लागी जिउनुहुन्छ । जब दोस्रो आगमणमा येशु आफ्नो दुलही संग हुनुहुन्छ ।

प्रेरित २:३८ [38] पत्रुसले तिनीहरूलाई भने, "तिमीहरूका हृदयहरू अनि जीवनहरू परिवर्तन गर, तब तिमीहरू प्रत्येक येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेओ। तब परमेश्वरले तिमीहरूका पापहरूलाई क्षमा गरिदिनु हुनेछ र तिमीहरूले पवित्र-आत्माको उपहार पाउनछौ।

पस्चाताप भनेको मन फिराउनु हो । पस्चातापलाइ पाप संग मिलाउनु हुदैन । पाप गरे पछि मात्र पस्चाताप गर्नु पर्छ भन्ने कुरा गलत हो । पस्चाताप भनेको जीवन जीउने तरीका बदल्नु हो । पस्चाताप को मतलब हो येशु हाम्रो जीवनमा आउनु अगाडि हाम्रो जीवन को तरीका हाम्रो बाबा को जस्तो होस् या जस्तो सुकै होस् । त्यो जीवन धार्मीक पनि हुन सक्छ जस्तो सुकै हुन सक्छ ।जब देखि येशु दुलहा को रुपमा हाम्रो जीवनमा आउनु भयो तब देखि येशु को तरीकामा जीवन जीउनु हो । यहि हो असल पस्चाताप र मन फिराउनु । अर्थात पहिला को जीवन तरीका बाट बदलेर पुरै रुपमा येशुमा हाम्रो जीवन समर्पण गर्नु हो । येशु को पुरै जीवनलाइ स्वीकार गर्नु हो । मतलब अब देखि मेरो र येशु को जीवन जीउने तरीका अलग हुदैन । येशु र हामीमा एउटा कुरा समान छ त्यो हो पबित्र आत्मा

प्रेरित १:२ [2] मैले येशूको सम्पूर्ण जीवन बारे लेखें, प्रारम्भदेखि उहाँ स्वर्ग तिर उचालिनु भए सम्म। यो घटना हुनु अघि उहाँद्वारा चुनिएका प्रेरितहरूसित उहाँले बातचित गर्नु भयो। प्रेरितहरूले के गर्नु पर्छ भन्ने कुरा पवित्र आत्माको सहयोग लिएर उहाँले बताउनु भयो।

येशुले सबै काम पबित्र आत्मा द्वारा मात्र गर्नुहुन्छ । उहाँले पबित्र आत्मा बिना पनि गर्न सक्नुहुन्छ तर दुलही को लागी उहाँले हर काम आत्मा द्वारा मात्र गर्नुहुन्छ ताकी दुलही र येशु एउटै आत्मा द्वारा काम होस् र येशु र हामी बिच समानता होस् भनेर । बिवाहमा दुलहा र दुलही एक शरीर र एक आत्मा हुन्छन् । येशु दुलहा बौरी उठेपछि पनि आत्मा द्वारा नै काम गर्नुहुन्छ भने । दुलही पनि त्यहि आत्मा द्वारा काम गर्नु पर्छ । यहि हो बिश्वास को जीवन । बिश्वास को जीवन भनेको आत्माले डोराएको बाटोमा चल्नु हो । त्यसकारणले बचनले भन्छ बिश्वास सुनाइ बाट आउछ र सुनाइ ख्रीष्ट को बचन बाट आउछ । परमेश्वरको बचन बाट आत्मा बोल्नुहुन्छ । त्यसकारणले पेन्टिकोस को दिनमा पहिला मण्डली शुरु हुदा खेरी हामी के गरौ भन्दा परमेश्वरले भन्नुभयो पस्चाताप गर् र बप्तिष्मा लेओ त्यसपछि तिमीहरुले पबित्र आत्मा को बरदान पाउछौ ।

प्रेरित २:३९ [39] यो प्रतिज्ञा तिमीहरूको लागि अनि तिमीहरूको बालकहरूको लागि अनि ती सबै मानिसहरूका लागि पनि हो जो टाढा छन्। यो ती प्रत्येक मानिसको लागि हो जसलाई प्रभु हाम्रा परमेश्वरले आफैमा बोलाउनु हुन्छ।"

संसार को जुन सुकै कुनाको होस् या कुनै पनि शाल को मान्छे होस् जस जसले येशुलाई मुक्तिदाता भनेर स्वीकार गर्छन् ति सबैलाइ परमेश्वरले पबित्र आत्मा को बरदान दिनुहुन्छ ।

[40] पत्रुसले तिनीहरूलाई यी अनि अन्य अनेक शब्दहरूद्वारा चेतावनी पनि दिए, "उनीहरूलाई आग्रह गरे कि स्वयं तिमीहरूले यी दुष्ट पुस्ताबाट जोगाऊ।"

येशुले भन्नुभयो यदि कसैले आफ्नै बाबा आमालाइ तिरस्कार गरेन भने मेरो पछि लाग्न सक्दैन । यदि दुलहीले आफ्नो बाबा आमालाइ त्यागेन भने दुलहा संग जान सक्दैन । जो पुस्ता संग यतिका शाल हामी संगै थियौ उनीहरुलाइ हामीले तिरस्कार गर्नुपर्छ । त्यस पछि मात्र हामी उहाँ को पछि लाग्न सक्छौ ।

[41] तब ती मानिसहरू जसले पत्रुसका सन्देश माने, बप्तिस्मा लिए। त्यस दिनमा झण्डै तीन हजार जति मानिसहरू विश्वासीहरूको झुण्डमा थपिए।

हामीले परमेश्वर को सन्देश ग्रहण गर्नु पर्छ । रेबेका आफ्नो आमा बाबालाइ त्यागेर इसहाक को घर जान को लागी तुरुन्तै तयारी भइन् । त्यसकारणले उनको उद्धार त्यहाँ बाट शुरु हुन्छ । रेबेकाले इसहाकलाइ देखेको छैन र पनि स्वीकार गरीन् । त्यसैगरी हामीले पनि येशुलाइ देखेको छैन र पनि आफ्नो दुलहा को रुपमा स्वीकार गर्नु पर्छ । रेबेका को एलीआजार संग उनको यात्रा शुरु भयो । रेबेकाले बाटोमा धैरै मान्छेहरुलाइ भेटिन् तर उनले केहि सोधिनन् जब इसहाकलाइ देखिन् तब उनले सोधिन् यिनी को हुन् ? तब एलीयाजारले भने यिनी तिम्रो मालिक हुन् । कसैले पनि येशुलाइ देखेको छैन । जब हामी हाम्रो दुलहालाइ येशुलाइ भेट्छौ हामी उहाँलाइ कसरी चिन्छौ ? येशु शरीरमा पनि हुनुहुन्छ र पनि उहाँ आत्मा हुनुहुन्छ उहाँ को आत्मा संग यो संसारमा हामी गासिएको कारणले हामी आत्मा द्वारा उहाँलाइ चिन्छौ । जस जस ले ग्रहण गरे तिनीहरु ले बीप्तष्मा लिए भनेको बप्तिष्मा भनेको बिवाह गरेको जस्तो हो । जब हामी बप्तिष्मा लिन्छौ पुरानो जीवन मर्छ र नयाँ जीवन शुरु हुन्छ । बिवाहमा पाष्टरले सोध्नुहुन्छ यि दुइ दुलहा र दुलही मा केहि खराबी चिज छ भने अहिले नै भन्नुहोस् होइनभने जीवन भर केहि नभन्नुहोस् । त्यस पछि पाष्टरले दुलहा र दुलही दुबैलाइ प्रस्न सोध्नुहुन्छ । के तपाइ तयार हुनुहुन्छ ? त्यहाँ एक जना ले पनि म तयार छैन भन्यो भने बिवाह हुदैन । त्यसपछि मात्र सदाको लागी पति र पत्नि भनेर घोषणा गरीदिनुहुन्छ । बप्तिष्मा पनि त्यस्तै हो हामीले स्वीकार गर्नु पर्छ जब पानी बाट बाहिर आए पछि जीबन नै नयाँ हुन्छ । बिवाह को पछि को जीवन पनि हेर्दा त पुरानै जस्तो लाग्छ बाहिर त केहि बद्लेको हुदैन तर भित्र त सबै बद्लिन्छ । अब आमा बाबा को घरमा होइन बस्ने घर बदलियो सबै दैनिक गर्ने कुराहरु सबै बदलिन्छ ।

ती विश्वासीहरू लगातार आपसमा भेटघाट गरिरहे। तिनीहरूले आफ्ना समय प्रेरितहरूले दिएका शिक्षा सिक्नमा प्रयोग गरे। तिनीहरू एकअर्कामा साझेदार भए। तिनीहरू एक साथ खाँदै थिए अनि एक साथ प्रार्थना गर्दै थिए।

अब यो बदलेको मान्छे को लागी येशु माथि को बिश्वास को शिक्षा शुरु हुन्छ । त्यसपछि मात्र संगती बाकी चिजहरु हुन्छ ।

२कोरिन्थी ५:१७ [17] यदि कोही ख्रीष्टमा छ भने त्यो नयाँ मानिस बनिएको छ। पुराना कुराहरू बितेर गए, हरेक कुरो नयाँ छ।

भजनसग्रह ४५ मा मण्डली संग भन्दछ तिम्रो बाबा को घर नै बिर्सिनु । बिश्वास को जीवन भनेको पुरानो जीवन सबै बिर्सिएर नयाँ हुनु हो । यो बिश्वास को जीवनमा अगाडी बढ्नको लागी बिश्वास को शिक्षा चाहिन्छ ।

गलाती २:२० [20]यसैले म बाँचिरहेको छैन तर ख्रीष्ट हुनुहुन्छ जो ममा बाँचिरहनु भएकोछ। म मेरो शरीरमा अझै जीवित छु तर म परमेश्वरका पुत्रको विश्वासमा जीवित छु। मलाई उहाँले प्रेम गर्नु भयो अनि मलाई बचाउन उहाँले मेरो निम्ति आफैलाई अर्पण गर्नु भयो।

बिवाह भनेको आफ्नो पुरानो जीवनलाइ क्रुसमा टाग्नु हो । जब सम्म आफ्नो स्वार्थ पनालाइ मार्दैन बिवाह को सम्भन्ध बलियो हुन सक्दैन । त्यसकारणले पुरानो मान्छे मण्डली घर सबैमा मर्नु पर्छ । येशु हाम्रो निम्ति मर्नुभयो । के हामी उहाँ को दुलही हाम्रो दुलहा येशु को लागी हामी मर्यौ ? बिश्वास को जीवन भनेको येशु मेरो लागी जीउनुभयो अब म येशु को लागी जीउनु हो । त्यसकारणले बचनमा लेखेको छ हाम्रो कामहरु सबै अन्तमा आगो द्वारा जान्छ ।

मत्ति ११:२८ [28]मकहाँ आऊ। 'जो थकित औ कष्टले दबिएकाहरू हो! म तिमीहरूलाई आत्माको निम्ति विश्राम दिनेछु।

येशुले भन्नुभयो जो जति ले पनि भारी बोकेर थकित भएका छन् म कहाँ आउ म तिम्रो भारी बोक्छु । र म तिमीलाइ त्यस भारी बाट बिश्राम दिन्छु ।

[29]मेरो कामकुरो ग्रहण गर अनि मबाट सिक, म विनयी र विनम्र-हृदयको छु। अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौ।

येशुले बिश्राम दिए पछि अब हामीले येशु को जुवा बोक्नु पर्छ । र अब हामी ले येशु बाट सिक्नु पर्छ । संसारको बिवाह मा दुबै पति र पत्नि ले एक अर्का देखी सिक्नु पर्छ । र पनि धेरै त पत्निले पति बाट सिक्नु पर्छ । पत्नि को शिर पति हो । त्यसैले पति ले पत्निलाइ अगुवाइ गर्नुपर्छ । त्यसैले एउटा बिश्वासी स्त्री ले परमेश्वरमा अर्थात बिश्वास मा परिपक्क पुरुष संग बिवाह गर्नु पर्छ जसले गर्दा उसको पतिले उनलाइ आत्मिक कुरामा अगुवाइ गरोस् । जिम्मेदारी पुरा पुरुष को माथि हो स्त्री को माथि होइन । आदम र हब्वा पापमा गिर्दा पनि परमेश्वरले आदम संग प्रस्न गर्नुभयो हब्वा संग होइन । त्यसैगरी हाम्रो शिर येशु हुनुहुन्छ । येशु सिद्ध हुनुहुन्छ त्यसैले उहाँले हामी संग सिक्नु पर्दैन । तर येशुले भन्दैहुनुहुन्छ म बाट सिक । बिश्वास को जीवमा चल्दै गर्दा हामीले येशु संग सिक्नुपर्छ मतलब येशु को जीवन हामीले जीउनु हो । यदि हामीमा बिश्वास पछि येशु को जीवन हुदैन भने हाम्रो सबै काम एक दिन परमेश्वरले आगोमा जलाइदिनुहुन्छ । बिश्वास को जीवनमा चल्नु अगी हामी घमण्डि हुन सक्छौ तर हाम्रो दुलहा त नम्र हुनुहुन्छ त्यसकारणले हामी पनि नम्र हुनुपर्छ । बिश्वास को मार्गमा चल्दा पहिला सिक्ने कुरा नै नम्रता हो । रिबेका को घरमा रिबेकाको बाबा लाबान त घमण्डि तर जब रिबेका इसहाक को घरमा आउदा त इसहाक त नम्र पो रहेछ । रिबेका ले इसहाक जस्तो नम्र मान्छेलाइ कहिले भेटेकै छैन । इसहाक नम्र छ तर रिबेका घमण्डले चली भनेत उनीहरुको दामपत्य जीवन अगाडि बढ्न सक्दैन । त्यसैगरी हामी बिश्वास को जीवनमा घमण्डले चल्यौ भने हामी येशु संग साथ साथमा हिड्न सक्दैनौ । उद्धार त पाउछौ तर त्यस पछि हामी बदलिदैनौ भनेता येशु हामी संग बोल्नुहुन्न । एक केटा र केटि को बिवाह त भयो बिवाह पछि केटि मलाइ यो चाहियो त्यो चाहियो भन्नेर कराउन शुरु गरी भनेता केटा त केहि बोल्दैन । केटा बोल्दैन भनेता त बिवाह त भयो तर दामपत्य जीवन त अगाडि बढ्न सक्दैन । पहिला येशुको जुवा बोक्न तयार हुनुपर्छ । दोस्रोमा येशु भन्नुहुन्छ म देखि सिक म नम्र छु तिमी पनि नम्र होउ । हामी पाष्टर देखि सिक्छौ तर येशु देखि सिक्दैनौ । नम्र त एक जना मात्र हुनुहुन्छ त्यो हो येशु त्यसैले हामीले येशुबाट सिक्नु पर्छ ।

मर्कुस ८:३४-३५ [34]तब येशूले मानिसहरूलाई आफूकहाँ बोलाउनुभयो उहाँका चेलाहरू पनि त्यहीं थिए। अनि उहाँले भन्नुभयो, "यदि कसैले मलाई अनुसरण गर्न चाहन्छ भने, त्यसले स्वयंलाई अस्वीकार गरोस् उसले आफूलाई दिईएका क्रूस (कष्टहरू) लाई ग्रहण गर्नेपर्छ, अनि मलाई पछ्याउनु पर्छ।
[35]जसले आफ्नो प्राण बचाउँन चाहन्छ, उसले त्यो गुमाउनु पर्नेछ। अनि जसले ममाथि र सुसमाचारको लागि उसको जीवन गुमाउने गर्दछ उसले मात्र आफ्नो जीवनलाई बाचाउँन सक्नेछ।

भिड पनि छन् , चेलाहरु पनि छन् त्यहाँ सबै मान्छेलाइ बोलाएर येशुले भन्नुभयो यदि कोहि मेरो पछि लाग्ने इच्छा गर्छ भने पहिला आफैलाइ इन्कार गर्नुपर्छ । त्यसपछि आफ्नै क्रुश उठाएर हिड्नु पर्छ तेस्रोमा उहाँ को पछि लाग्नु पर्छ । कति जना ले आफैलाइ इन्कार नगरीकन पनि क्रुस उठाउन सक्छन् । चेलाहरुले आफैलाइ इनकार नगरी येशु को पछाडि गए त्यसकारणले गर्दा उनीहरुले सोधे हामीले के पाउछौ? क्रुस बोके । क्रुस बोक्नु भनेको बलिदान हो । आफैलाइ इन्कार गर्नु भनेको सबै भन्दा पहिला परमेश्वरलाइ हाम्रो जीवनमा स्थान दिनु पर्छ । त्यसपछि आफ्नो छिमेकीलाइ छिमेकी भनेको छिमेक मा बस्ने व्यक्तिलाइ भनेको हौइन छिमेकी भनेको आफ्नो पति पत्नि र छोरा छोरी भनेको हो । आफुलाइ इन्कार गर्नु र परमेश्वरलाइ पहिलो स्थान दिनु भनेको हो ।जब हामी बिहान उठ्दा खेरी आफुलाइ इन्कार गर्ने ब्यक्ति बिहानै उठ्छ र परमेश्वर संग समय बिताउछ । आफुलाइ उठाउने मान्छे ढिला सम्म सुत्छ अनि भन्छ म संग लामो प्रार्थना बाइबल पढ्ने समय छैन नानीहरुको लागी खाना बनाउनु पर्छ । हामी उठ्न नपाइकन हाम्रो काममा नै ब्यस्त हुन्छौ । येशुले ३० शाल आफुलाइ इन्कार गरेर जीवन जीउनु भयो । त्यसकारणले गर्दा जब येशुले बप्तिष्मा लिए पछि पिता परमेश्वरले भन्नुभयो यिनी मेरा पुत्र हुन् म यिनी संग प्रसन्न छु । यस्तो जीवन जीउने मान्छे कहिले पनि थाक्दैन उसको जीवनमा पवित्र आत्मा को सामर्थ आइनै रहन्छ । बिश्वासमा हिड्ने मान्छे शरीरमा जतिसुकै थाके पनि प्राणमा शान्ति हुन्छ । येशु डुङ्गामा जादा खेरी शरीरमा थाकेर सुत्नु भयो त्यति खेरै आँधी र बतास आउदा खेरी येशु को मा शान्ति बिश्राम थियो । त्यसकारणले बिहानै उठेर बतासलाइ हकार्न सक्नु भयो । शरीरमा त सबै जना थाक्छन् । तर जो ब्यक्ति येशु को जुवा बोकेर हिड्छ त्यस ब्यक्ति शरीरमा थाके पनि प्राणमा उसको बिश्राम हुन्छ । हामी परमेश्वरको भारी बोक्न चाहदैनौ भने येशु ले हामीलाइ उहाँ को जुवा बोक्न दिनुहुन्न । यदि हामी हाम्रो परिवारको जुवा बोक्न चाहदैनौ भने बिवाह किन गर्ने ? बिवाह भन्नाले जुवा बोक्नु हो । त्यसै गरी येशु को हामी दुलही भएको कारण उहाँले त आफ्नो दुलही को लागी आफ्नो जीवन बलिदान गर्नु भयो अब दुलही को पालो हो उहाँ को जुवा बोक्ने । येशु संसारमा चल्दा खेरी उहाँ धरम मा चल्नु भएको उहाँ को लागी ति सब

जीवन नै थियो । येशु उज्यालो हुनु अगाडी बिहानै गएर प्रार्थना गर्नुहुन्थ्यो । उहाँले आफ्नो लागी प्रार्थना गर्नको लागी बिहान बिहान उठेर उजाड स्थानमा जानुभएन ।उहाँले अर्का को लागी प्रार्थना गर्न जानुहुन्थ्यो । येशु ले प्रार्थनामा भन्नुहुन्थ्यो पिता म बाट सानो काम पनि तपाइको बिरुद्धमा नहोस् । यो प्रार्थना पनि उहाँले आफ्नो दुलही मण्डली को लागी गर्नुहुन्थ्यो । यस्तो परमेश्वरको हामी दुलही मण्डली आफ्नै लागी मात्र जीउनु हुदैन। हाम्रो आमाहरुले बलिदान गरेको कारण हामी नानीहरु यहाँ सम्म खडा हुन सकेको हो । र पनि आमाहरु को बलिदान आफ्नै नानीहरुको लागी हो । अर्का को नानीहरुको निम्ति होइन । येशु को बलिदान आफ्नै नानीहरुको निम्ति मात्र होइन सबै को निम्ति हो । थोमा इण्डिया सम्म आएर परमेश्वरको सुसमाचार सुनायो आफ्नो लागी आफ्नो जाति को लागी होइन उनी अन्य जातीको लागी आए। पावल पुरा एसिया घुमेर मारपिट खाएर प्रचार गरेको आफ्नोलागी होइन । अन्य जातिहरुलाइ येशुले धेरै प्रेम गरेको कारण येशु को प्रैम को खातिर उनले प्रचार गरे । येशु को जीवनमा जस्तो सुकै परिस्थीतीमा पनि उहाँ हार्नुभएन किनभने उहाँले आफ्नो जीवन इन्कार गरेर पिताको जीवन जीउनु भएको थियो । उहाँले आफ्नो क्रुश बोकेर पितालाइ पछ्याउनु भयो ।

लुका १८:२२-२३ 22 जब येशूले यस्तो सुन्नभयो, उहाँले त्यो अगुवालाई भन्नुभयो, "तर त्यहाँ अझै एउटा तिमीले गर्नु पर्ने काम बाँकी छ। तिम्रोमा भएको सबै चीजहरू बिक्री गर अनि पैसाहरू गरीब मानिसहरूलाई बाँडिदेऊ अनि स्वर्गमा तिमीले इनाम पाउनेछौ। त्यसपछि तिमी आऊ अनि मलाई पछ्याऊ!"

23 तर जब उसले यी कुराहरू सुन्यो ऊ अत्यन्त दुःखी भयो किनभने त्यो मानिस साह्रै धनी थियो।

यो मान्छेको समस्या धन होइन खासगरी यो मान्छेले आफैलाइ इन्कार गर्न तयार थिएन । आफैलाइ इन्कार गर्ने मान्छेको लागी धन एउटा आशिष हो । धनी त्यसै हुदैन धन कमाउनको लागी हामीले क्रुश बोक्न तयार हुनुपर्छ । धन बिना बलिदान कमाउन सक्दैन । मेहेनत गर्नु पर्छ । समय को बलिदान दिनुपर्छ थुप्रै थुप्रै कुराको बलिदान गर्नुपर्छ अनी मात्र धन कमाउन सक्छ । येशु ले भन्नु भयो यस मान्छेलाइ तिमीले गर्नु पर्ने एउटा काम छ । तिमीमा भएको सबै पैसा गरीबलाइ बाँडिदेउ । त्यस पछि मेरो पछि लाग । त्यस पछि त्यो धनी मान्छे अत्यन्त दुःखी भएर फर्केर गयो ।

24 जब येशूले त्यो मानिसलाई दुःखी भएको देख्नु भयो, उहाँले भन्नुभयो, "साँच्चै धनी मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नु कठिन छ।

धन सम्पत्ति हुने मान्छेलाइ परमेश्वरको राज्यमा पस्न अतिनै गाह्रो हुन्छ । बिश्वास पैसा जस्तो हो । पैसाको आफ्नो चरीत्र छैन । हामी हाम्रो पैसा आफ्नो निम्ति मात्र खर्च गर्न सक्छौ । यहि पैसा अर्काको लागी पनि खर्च गर्न सक्छौ । बिश्वास पनि त्यस्तै हो । बिश्वासलाइ आफ्नो निम्ति र अर्काको निम्ति उपयोग गर्न सक्छौ । जस जसले बिश्वास आफ्नै निम्ति उपयोग गर्‍यो भने येशु को पछाडि जानलाइ गाह्रो हुन्छ । येशुले हाम्रो लागी आफुलाइ इन्कार गरेर आफ्नो लागी एक रत्ति पनि नसोचेर आफुलाइ क्रुशमा बलिदान गर्नु भयो ।

25 हो, धनी मानिसलाई परमेश्वको राज्यमा प्रवेश गर्नुभन्दा ता बरू ऊँटलाई सियोको नाँथीबाट छिर्नु सजिलो पर्छ।"

26 जब त्यहाँ भएका मानिसहरूले यो सुने, तिनीहरूले भने, "त्यसो भए कसले उद्धार पाउँछ?"

जब पैसा को बारेमा बोल्ना साथ अचानक उद्धार असम्भब भयो ।

27 येशूले भन्नुभयो, "जे मानिसको निम्ति असम्भव काम छ परमेश्वरको निम्ति सम्भव छ।"

येशुले भन्नभयो तिमीहरुको निम्ति असम्भब मेरो निम्ति सबै सम्भब छ । जब परमेश्वरले भन्नभयो जो कोहि पनि उहाँ को पछि लाग्न चाहन्छ भने आफ्नो क्रुश बोक र मेरो पछि लाग । यदि हामी हाम्रो तागतमा यो सब गर्न खोज्छौ भने यो असम्भब छ । तर येशुले भन्नभयो उहाँमा सबै सम्भब छ त्यसैले हामीले यो कुरा बुझ्नु पर्छ कि उहाँ को अनुग्रह मा सबै थोक हामी गर्न सक्छौ । त्यसैले परमेश्वर को सामु नम्र भएर उहाँको अनुग्रह माग्नु पर्छ ।

यूहन्ना १:१७ 17 मोशाबाट व्यवस्था प्रदान गरिएको थियो तर अनुग्रह र सत्यको बाटो येशू ख्रीष्टबाटै आयो।

येशु २ वटा कुरा लिएर आउनुभयो । एक अनुग्रह र अर्को सत्य लिएर आउनुभयो । यदि कोहि मान्छे येशु को पछि लाग्न चाहन्छ भने पहिला आफुलाइ इन्कार गर्नुपर्छ दोस्रोमा कुस उठाएर जीवन को अन्त सम्म येशु को पछि चल्नु पर्छ । यो सत्य हो । यो सब सत्य सुने पछि यो सत्यलाइ स्वीकार गर्न को लागी हामीलाइ बिश्वास चाहिन्छ । बिश्वास सुनाइ बाट आउछ र सुनाइ परमेश्वर को बचन बाट आउछ । जब हाम्रो जीवनमा बिश्वास आउछ त्यस पछि त्यो बिश्वास मा जीवन भरी चल्न को लागी हामीलाइ परमेश्वरको अनुग्रह चाहिन्छ । हामीलाइ येशु को पछि लाग्न को लागी यो यात्रामा २ कुरा चाहिन्छ पहिला हामीलाइ बिश्वास र यो बिश्वास मा चल्न को लागी परमेश्वर को अनुग्रह बस् यो २ कुरा बाहेक अरु केहि चाहिदैन । परमेश्वर भन्नुहुन्छ एक दिन सबै को न्याय हुन्छ त्यो दिन म तिमीहरु को न्याय गर्दिन त्यो दिन तिमीहरुले सुनेको बचन ले तिमीहरु को न्याय गर्छ । त्यसैले सबै भन्दा पहिला हामीले परमेश्वर को बचन सत्य हो त्यो सत्य बचनलाइ स्वीकार गर्नु पर्छ । यो स्वीकार गरेर हिड्न को लागी परमेश्वर को अनुग्रह बिना सम्भब छैन यहि कुरा येशुले हामीलाइ सिकाउनु भएको हो । त्यसैले उहाँ ले भन्नभयो मानिस जाति को लागी जे असम्भब छ परमेश्वरमा त्यो सम्भब छ । त्यसकारणले हामीले हर कुरा पबित्र आत्मा मा गर्नु पर्छ । बिहानै बिहान उठेर भन्नु पर्छ पबित्र आत्मा मलाइ भर्नुस र तपाइले मलाइ अगुवाइ गर्नुहोस् ।

प्रेरित १:२ 2 मैले येशूको सम्पूर्ण जीवन बारे लेखें, प्रारम्भदेखि उहाँ स्वर्ग तिर उचालिनु भए सम्म। यो घटना हुनु अघि उहाँदवारा चुनिएका प्रेरितहरूसित उहाँले बातचित गर्नु भयो। प्रेरितहरूले के गर्नु पर्छ भन्ने कुरा पवित्र आत्माको सहयोग लिएर उहाँले बताउनु भयो।

त्यसैले येशुले मृत्यु बाट बौरी उठे पछि यो पबित्र आत्माका कुराहरु सिकाउनु भयो । र भन्नभयो पबित्र आत्मा र म एकै हो तिमीहरुले जे पनि गर्छौ मेरो आत्मामा भएर गर ।

रोमी १०:१७ 17 यसैले सुसमाचार सुनेपछि विश्वास आउँदछ। अनि यदि कसैले मानिसलाई ख्रीष्टको बिषयमा बताए तिनीहरूले सुसमाचार सुन्नेछन्।

बिश्वास भनेको आफ्नो कुरा सुन्ने होइन । अरु को कुरा सुन्नु हो । धनी छ भने अर्का को कुरा सुन्नु पर्दैन । यो धनी मान्छे को समस्या धन थिएन उ धनी भएको ले अरु को कुरा सुन्न जरुरत ठानेन । परमेश्वर त्यसको हातमा मात्र सम्पत्ति दिनुहुन्छ जो आफुलाइ इन्कार गरेर जीउन को लागी तयार हुन्छ । परमेश्वरले सबैलाइ पैसामा आशिष दिन चाहनुहुन्छ तर जसले आफैलाइ इन्कार गर्दैन त्यसले पैसाको सहि जगामा सदुपयोग गर्दैन । कति जना पैसा धनी भए पछि मण्डली पनि आउन छोड्छन् ।

लुका १८:३५ 35 येशू यरीको शहर नजिक आइपुग्नु भयो। त्यहाँ एकजना अन्धो मानिस बाटेको छेऊमा बसिरहेको थियो। त्यो अन्धोले
मानिसहरूसंग भीख मागिरहेको थियो।
36 जब त्यसले त्यही बाटोबाट भीड आएको चाल पायो, त्यसले सोध्यो, "के भइरहेको छ?"
37 ती मानिसहरूले त्यसलाई भने, "नासरतको येशू यो बाटो आउनु हुँदैछ।
38 त्यो अन्धो मानिस अत्यन्त र्हषित भयो अनि भन्यो, "येशू दाऊदका पुत्र। ममाथि दया गर्नोस्!"
39 मानिसहरू जो भीड अगाडी थिए त्यो अन्धो मानिलाई गाली गर्न लागे। तिनीहरूले त्यसलाई नबोल्नु भने। तर त्यो अन्धो मानिस जोड जोडले
चिच्यायो, "दाऊदका पुत्र! ममाथि दया गर्नोस्।"
40 येशू त्यहाँ उभिनु भयो अनि भन्नुभयो, "त्यो अन्धो मानसलाई मकहाँ ल्याऊ!" जब त्यो अन्धो मानिस येशू भएकोमा पुग्यो, उहाँले सोध्नु भयो,
41 "तिमीले मबाट के गरिदिएको चाहन्छौ ?"त्यो अन्धो मानिसले भन्यो, "हे प्रभु म फेरि देख्न चाहन्छु"
42 येशू ले त्यसलाई भन्नुभयो, "दृष्टि पाऊ, तिम्रो विश्वासले तिमीलाई बचाएको छ।"
43 त्यसपछि त्यो मानिसले देख्न सक्ने भयो। त्यसले परमेश्वरलाई धन्यावाद चढाउँदै येशूलाई पछ्याउन लाग्यो। जति पनि मानिसहरूले यी सब देखे
तिनीहरूले परमेश्वरको प्रशंसा गर्न थाले।

यरीहोको बाटोमा येशु र चेलाहरु जादै गर्दा खेरी त्यहाँ एउटा मान्छे छ जो अन्धो र साथ साथै भिखारी पनि थियो । एलिया जेरोसापात मा जादाँ त्यहाँ उनी एक घरमा गए जुन घर को आइमाइ एक त बिधवा थिइ दोस्रोमा यो बिधवा अतिनै गरीब थिइन् । यहाँ पनि यस्तै मान्छे छ अन्धा तर धनी हुदो हो त त्यति समस्या हुदैन तर यहाँ त अन्धा त्यस माथि पनि भिखारी । हामी कमजोर छौ भने हामी प्रस्न सोध्दैनौ तर यहाँ यस अन्धा मान्छेले आवाज सुन्यो र प्रस्न सोध्यो । जब येशु १२ शाल को हुदा मन्दिरमा ज्ञानीहरु बाट सुन्दै हुनुहुन्थ्यो र ज्ञानीहरु संग प्रस्न सोध्दै हुनुहुन्थ्यो । हामीहरु को जीवनमा कुनै कुरामा पनि समस्या छ भने के हामीले परमेश्वरलाइ प्रस्न सोधेका छौ ? किन यो समस्या हाम्रो जविनमा छ । परमेश्वर मा हर प्रस्नको उत्तर छ । उहाँ सत्य भन्नुहुन्छ र सत्यले हामीलाइ स्वतन्त्र दिन्छ । त्यो दिन यरियो को यात्रा येशु को अन्तिम यात्रा थियो । त्यसपछि उहाँ यरुसलेम मा जानुहुन्छ र थोरै दिन को पछि उहाँ क्रुशमा मर्नु हुन्छ । यदि त्यो दिन बर्ति मै ले प्रस्न नसोधेको भए बर्तिमै को कुनै पनि घटना बाइबलमा हुदैन थियो र उसले चगाँइ कहिले पनि पाउदैनथ्यो । पावलले एउटा प्रस्न सोधे तपाइ को हुनुहुन्छ ? अनी फेरी सोधे प्रभु म के गरु ? के हामी हर दिन बिहान हाम्रो दैनिक जीवन शुरु हुनु अगाडी के हामी परमेश्वरलाइ प्रस्न सोध्छौ ? आज म के गरु प्रभु भनेर । येशु को जीवन हामीमा आउनु हो भने येशु त हर दिन उज्यालो हुनु अगाडि परमेश्वरमा प्रस्न सोध्नुहुन्थ्यो आज म के गरु ? हामी पनि त्यसरी नै परमेश्वरमा प्रस्न सोध्नु पर्छ । हामीले सोधेनौ भने हामीले उत्तर पाउदैनौ । सर्बसक्तिमान परमेश्वर हाम्रो पिता हुनुहुन्छ उहाा संग हर कुरा को उत्तर छ तर हामी उहाा लाइ केहि सोध्दैनौ तर हामी माग्छौ हाम्रो बुद्धिमा हामी भन्छौ मलाइ यो चाहियो त्यो चाहियो । हाम्रो प्रार्थना सोध्ने होइन बोल्ने भयो । जसले गर्दा उद्धार त हामी संग छ तर हामी बिश्वासमा अगाडी बढ्न सक्दैनौ । बर्तिमै ले सानो प्रस्न सोधेका थिए को जादैहुनुहुन्छ ? तर सानो प्रस्नको उत्तर ठुलो र महत्वपुर्ण हुन्छ । नाजरतका येशु जादैहुनुहुन्छ । येशु नाम जो सबै नामहरु भन्दा उच्च छ जुन नामले कसैलाइ पनि उद्धार दिन सक्छ । उसले सुन्यो सोध्यो र उसले उत्तर पायो । प्रचार को एउटा मात्र उदेस्य छ कि यो प्रचार बाट जस जसले प्रचार सुनेका छन् तिनीहरुलाइ येशु संग भेट गराउनु हो । जब बर्तिमैले येशुलाइ पुकारे त्यस समय देखि उसले भिख माग्न छोडे । त्यसै गरी जुन क्षण हामी पनि येशुको नाम  हाम्रो जीवनमा पुकार्छौ हामी पनि १० जगामा गएर हाम्रो समस्या भन्न छोडिदिन्छौ । र हाम्रो जीवन ने बदलिन्छ । जब बर्तिमै ले येशुलाइ पुकारे मानिसहरुले चुप लाग भने तर उ झन् बढ्ता गरी कराएर येशु को नाम पुकार्यो । हामीलाइ पनि चुप लाग भन्ने मान्छे आउछन् तर हामी येशु को नाम लिएर झन् बढ्ता कराउनु पर्छ । जब सम्म येशु हाम्रो आवाज सुनेर रोकिनु हुन्न तब सम्म कराउनु पर्छ । कहिले काहि हाम्रो मण्डली को मान्छे हरु ले पनि भन्छन् तिम्रो उपवास छाडिदेउ परमेश्वर चाहनुहुन्न तिम्रो प्रार्थना को उत्तर दिन तर त्यस समय हामी रोकिनु हुन्न झन् हामी प्रार्थनामा बस्नु पर्छ किनभने हाम्रो परमेश्वर हाम्रो आवाज सुनेर अडिनु हुन्छ । रिबेकाले २० शाल नानी को लागी प्रार्थना गरे पछि उनले प्रार्थना को उत्तर पाउछिन् ।

लुका १८:१ सपछि येशूले चेलाहरूलाई संधैं प्रार्थना गर्नु अनि कहिल्यै निराश नहुनु भनेर शिक्षा दिनुभयो। योशूले तिनीहरू लाई सिकाउन यस्तो दृष्टान्त भन्नुभयो

येशुले आफ्ना चेलाहरुलाइ भन्नुभयो सधै निरन्तर प्रार्थना गर्नु । निराशा नहुनु किनभने तिमीहरुको परमेश्वर तिमीहरुले बोलाउदा अडिने रुक्ने र सुन्ने परमेश्वर हो । मान्छेहरु थोरै समयमा नै निरास हुन्छन् । र सोच्छन् यो प्रार्थना सुनाइ हुदैन । तर येशु भन्नुहुन्छ प्रार्थना गर्न नरोक भिड को कुरा नसुन । भिडले चुप लाग भन्छ भने अझै जोर संग चिच्चाउ भन्नुहुन्छ ।

40 येशू त्यहाँ उभिनु भयो अनि भन्नुभयो, "त्यो अन्धो मानसलाई मकहाँ ल्याऊ!" जब त्यो अन्धो मानिस येशू भएकोमा पुग्यो, उहाँले सोध्नु भयो,
41 "तिमीले मबाट के गरिदिएको चाहन्छौ ?"त्यो अन्धो मानिसले भन्यो, "हे प्रभु म फेरि देख्न चाहन्छु"
42 येशू ले त्यसलाई भन्नुभयो, "दृष्टि पाऊ, तिम्रो विश्वासले तिमीलाई बचाएको छ।"
43 त्यसपछि त्यो मानिसले देख्न सक्ने भयो। त्यसले परमेश्वरलाई धन्यावाद चढाउँदै येशूलाई पछ्याउन लाग्यो। जति पनि मानिसहरूले यी सब देखे
तिनीहरूले परमेश्वरको प्रशंसा गर्न थाले।

येशुले सोध्नुभयो तिमी के चाहन्छौ ? उसले भन्यो म देख्न चाहन्छु । जब हामी प्रार्थना गर्छौ भने हाम्रो प्रार्थना बिशेष हुनुपर्छ दया गर्नुस् मात्र भनेर हुदैन के चाहियो त्यो भन्नुपर्छ । जसरी बर्तिमै ले भने म देख्न सकु । त्यस पछि येशुले भन्नुभयो तिम्रो बिश्वास ले तिमी निको भयौ । येशुको बिश्वासले कसैको बिश्वासले हामीले हाम्रो प्रार्थनाको उत्तर पाउने होइन। मेरो बिश्वासले मैले मेरो प्रार्थनाको उत्तर पाउने हो । अरुको बिश्वासले मेरो उद्धार हुन सक्दैन र मेरो बिश्वासले अरुको उद्धार हुन सक्दैन । १२ शाल रक्तस्राब भएकी स्त्री संग येशुले भन्नुभयो हे छोरी तिम्रो बिश्वास को अनुसार तिमी ठिक भयौ । परमेश्वर संग ३०० शाल हिडेको हनोकले आफ्नै श्रिमतीलाइ पनि आफु संगै लिएर जान सकेन । पुनरउत्थानमा पनि त्यस्तै हुनेछ श्रिमान श्रिमती एउटै खाटमा सुतेको हुन्छन् एउटा परमेश्वर संग जानेछ अर्को छोडिनेछ । २ जना एकै ठाउमा काम गर्दै गर्दा एउटालाइ लग्यो अर्कोलाइ छोड्यो यो सबै आफ्नै बिश्वास को कारणले गर्दा हो । सानो नानीहरु को कुरा अलग्गै हो तर ठुलोहरु को  ब्यक्तिगत बिश्वास को अनुसार हुन्छ ।

लुका १९:१ शू यरीहो शहर भएर जाँदै हुनुहुन्थ्यो।
शू यरीहो शहर भएर जाँदै हुनुहुन्थ्यो।
2 यरीकोमा एकजना जक्कै नाउँ भएको मानिस बस्थे । तिनी महसूल उठाउने हाकीम औ धनवान मानिस थिए ।
3 तिनी येशू को हुन भनी हेर्न चाहन्थे। अरू मानिसहरू पनि त्यहाँ उहाँलाई हेर्न चाहन्थे। जक्कै एकदमै पुडको मानिस थिए अनि उनले मानिसहरूको भीडमा येशूलाई देख्न सक्ने थिएनन्।
4 अनि येशू आउँदै गरेको ठाँउ पुग्नु तिनी अघि दौडे। तिनी नेभाराको रूखमा चढे जहाँबाट तिनले येशूलाई देख्न सक्थे।
5 जब येशू त्यो ठाउँमा आइपुग्नु भयो उहाँले जक्कैलाई रूखमाथि देख्नु भयो। उहाँले तिनलाई भन्नुभयो, “जक्कै, झट्टै! तल ओर्लेरआऊ! आज म तिम्रो घरमा बास बस्नु पर्छ।”
6 त्यसपछि जक्कै झट्टै तल ओर्लेर आए। तिनी आफ्नो घरमा येशूलाई स्वागत गर्न पाउँदा खुबै खुशी भए।
7 सबै मानिसहरूले यो देखो। तिनीहरू यसो भन्दै विरोध गर्न लागे, “हेर येशू कस्ता मानिससंग बस्न जानु हुँदैछ? जक्कै पापी हो।”
8 जक्कैले प्रभूलाई भन्यो, “म असल काम गर्न चहान्छु। म गरीबहरूलाई मेरो आधा सम्पति दिनेछु। अनि यदि मैले कसैले ठगेकोछु भने तिनीहरूलाई चार गुणा अधिक तिर्नेछु।
9 येशूले भन्नुभयो, “यो मानिस असल हो। निश्चय नै यी अब्राहामको परिवारको हुनुपर्छ। आज जक्कै आफ्नो पापहरूबाट मुक्त भएको छ।
10 मानिसको पुत्र हाराएको मानिसहरूलाई खोज्नु र उद्धार गर्न आएको छ।”:14-30)

यहाँ महसुल उठाउनेका पनि हाकिम जक्कै नाम भएका धनी ब्यक्ति थिए । उता बर्तिमै अन्धा त्यसमाथि पनि भिखारी थिए । जक्कैले येशु को हुनुहुन्छ भनेर हेर्न चाहन्थे ।त्यसैगरी बर्तिमै ले पनि येशुलाइ देख्न चाहन्थे ।  संसारमा धेरै मानिसहरुले येशुको बारेमा सुनेको छ के जक्कै र बर्तिमै को जस्तै देख्न चाहनेहरु छन् ? जक्कैले एउटा भिडको कारणले र अर्को उ पुड्को भएको कारण ले उसले येशुलाइ देख्न सकेन । र पनि उ येशुलाइ देख्न को लागी अघि अघि दौडेर एउटा रुखमा चढ्यो । त्यसै गरी बर्तिमै अन्धो र भिखारी र पनि येशुलाइ देख्न को लागी भन् चिच्चाए । बर्ति मै येशुलाइ हेर्न चाहन्थे । जक्कै पनि येशुलाइ हेर्न चाहन्थे । एउटा धनी र हाकिम र अर्को भिखारी र अन्धा । जक्कै येशुलाइ हेर्न को लागी अतिनै उत्सुक थिए । जसले गर्दा उनी अन्जिर को रुखमा चढे कारण त्यहि बाटो भएर येशु जान लाग्नु भएको थियो । उसलाइ थाहाँ थियो येशु त्यहि बाटो भएर जादै हुनुहुन्थ्यो । जब हामी येशु को जीवन पढ्छौ भने हामीलाइ थाहाँ हुन्छ येशु को बाटो छ । र हामीले थाहाँ पाउछौ येशु कुन बाटो भएर जादैहुनुहुन्छ । येशु जाहाँ गए पनि हामी बिश्वासीलाइ खोज्नुहुन्छ ।बिश्वास जाहाँ छ त्यहाँ येशु अडिनुहुन्छ । र त्यहाँ बस्न मन पराउनु हुन्छ । येशु हर सनिबार सनिबार सभाघरमा जानुहुन्थ्यो । यो येशु को बाटो हो । के हामी येशु को बाटोमा चल्यौ । हामी मण्डलीमा जान्छौ । जब येशु जादै हुनुहुन्थ्यो उहाँलाइ आत्माले देखाउनुभयो त्यस पछि येशुले माथि हेर्नु भयो र उहाँले जक्कैको नाम पनि भन्नुभयो। र यो एउटा मात्र यस्तो घर हो जसमा येशु आफैले नबोलाइकन म तिम्रो घरमा बस्छु भन्नुभएको । जाहाँ जाहाँ यस्तो बिश्वास येशुले देख्नुहुन्छ येशु आफै बास बस्न को लागी आउनुहुन्छ हामीले बोलाइरहनु पर्दैन । हजारौ शाल अगाडि येशु दुइवटा स्वर्गदुत संग अब्राहाम को पालमा आउनुभयो । अब्राहाम ले खाना बनायो र येशुलाइ खिलायो । यो जक्कै को घरमा येशु को दोस्रो बार खाना येशु आफै गएर खानुभयो । त्यस भएर येशुले जक्कैलाइ भन्नुभयो यो पनि अब्राहाम को छोरा हो । येशु यरियो ठुलो शहरमा आउनुभयो जाहाँ धेरै मान्छेको भिड थियो । तर येशु ले त्यहाँ मात्र २ वटा मान्छेलाइ देख्नुभयो । एउटा बर्तिमै र अर्को जक्कै एउटा धनी मान्छे येशु संग अनन्त जीवन पाउनलाइ आउछ । त्यस धनी मान्छेलाइ येशुले तिम्रो सम्पत्ति गरीबहरुलाइ देउ भन्दा उसले गर्न सकेन र उ फर्केर गयो । तर यो जक्कै पनि धनी थिए यसलाइ त येशुले केहि पनि भन्नुपरेन आफै उठेर सम्पत्ति बाडिदियो । जो हर दिन बिश्वासमा चल्छ त्यो ब्यक्तिले पाउने हरचिज परमेश्वरको बरदान हो । परमेश्वरमा ब्यबस्था राखेर पनि हुदैन । परमेश्वरको नियम हामीले पालन गर्‍यौ भने पनि हामी संग बिश्वास छैन भने हाम्रो जीवनमा आत्मा को काम हुदैन । जब येशु जक्कै को घर जान्छु भन्दाखेरी फरिसीहरु ले यो पापी को घरमा कसरी येशु जान सक्नुहुन्छ भनेर भने । ब्यबस्था देखि धार्मीक हुने मान्छेहरु ले कृपा देखाउन सक्दैनन् किनभने उनीहरुले धेरै मिहेनत गरेर धर्मी बनेका हुन्छन् । परमेश्वर बाट पाउने सबै कुरा सित्तैमा हो यसको लागी हामीले केहि कुरामा पनि मेहेनत गर्नु पर्दैन । असल बिश्वासमा चल्ने मान्छेले कृपा देखाउन सक्छ किनकी उसले मेहेनत गर्नु परेको हुदैन उ पनि कृपा ले नै जीएको हुन्छ । बिश्वास को उदेस्य भनेको रोमी ८ को अनुसार येशुमा हाम्रो जीवन जीउनु हो । हामीले उद्धार को जीवन सित्तेमा पायौ सित्तैमा दिनुपर्छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु हजुरले हामीलाइ बिश्वास को जीवन को लागी बोलाउनु भयो । जब त्यो जीवन हामीमा आउछ त्यस पछि हामीले हाम्रो जीवन इन्कार गर्छौ । प्रभु जब हामी यो बिश्वास को जीवनमा हामी हजुर को पछाडि पछाडि हिड्दा खेरी तपाइ हामीमा हामीलाइ चाहिन्छ प्रभु नत्र भने हामी यो बिश्वास को जीवनमा चल्न सक्दैनौ । परमेश्वर चाहे म गरबि हु या धनी तपाइले हाम्रो जीवन मात्र बिश्वास खोज्नु हुन्छ । त्यो बिश्वास को जीवन हामीमा हालिदिनुस् ताकी तपाइ हामीमा बास गर्न सकोस् । यो सबै बिन्ति प्रार्थना येशु प्रभु को नाममा आमेन ।*